सचिव बैठकको निर्णय

मितिः २०८३/०४/११
स्थानः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
अध्यक्षताः प्रमुख सचिव, मधेश प्रदेश।

मिति २०८३ साल श्रावण ११ गते प्रमुख सचिवको संयोजकत्वमा बसेको सचिव बैठकले प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट कार्यान्वयन, सार्वजनिक सेवा प्रवाह, प्रशासनिक व्यवस्थापन, कर्मचारीको आचरण तथा अनुशासनलगायत समसामयिक विषयमा विस्तृत छलफल गरी देहाय बमोजिमका निर्णयहरू गरेको छ।

निर्णय नं. १

सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउन प्रत्येक मन्त्रालय तथा निकायले शासकीय सुधारसम्बन्धी कार्य योजना तयार गरी कार्यान्वयन गर्ने। सम्बन्धित निकायको प्रमुखले सोको नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

निर्णय नं. २

प्रत्येक मन्त्रालय तथा निकायले आफ्नो संस्थागत नतिजा, वार्षिक नीति, कार्यक्रम तथा लक्ष्यसँग आबद्ध हुने गरी मापनयोग्य कार्यसम्पादन सूचक (Key Performance Indicators– KPI) तयार गरी सात (७) दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने। तयार भएको सूचकको आधारमा कार्यसम्पादन गर्ने।

निर्णय नं. ३

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तथा विनियोजित बजेटको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक मन्त्रालय तथा निकायले बजेट कार्यान्वयन कार्य योजना तयार गरी २०८३ श्रावण महिनाभित्र एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य रूपमा पेस गर्ने तथा कार्यान्वयनको अवस्था नियमित रूपमा लेखा उत्तरदायी अधिकृतले समीक्षा गर्ने।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, मधेश नेपाल

प्रमुख सचिव

निर्णय नं. ४

बजेट वक्तव्यको बुँदा नं १०९ मा उल्लेख भए अनुसार कर्मचारी दरबन्दी कम्तीमा १५ प्रतिशत कटौती गर्ने उल्लेख भएकाले सबै निकायले यथाशीघ्र सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण कार्य सुरु गर्ने। साथै, उक्त बुँदामा नै O&M नहुन्जेल नयाँ कर्मचारीको पदपूर्ति र बढुवा रोक्का गरिएको उल्लेख भएकाले कुनै पनि निकायले यस सम्बन्धी प्रक्रिया अगाडी बढाउने। O&M गर्न पूर्व सहमति प्राप्त मन्त्रालयले प्रस्तावित सङ्गठन संरचना तथा दरबन्दी तेरिज तयार गर्दा आर्थिक वर्ष २०८३।८४ को बजेट वक्तव्य, नेपाल सरकारले जारी गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को पूर्ण पालना गर्ने। साथै संस्थागत आवश्यकता, कार्य बोझ, औचित्य, सेवा प्रवाहको प्रभावकारिता, वित्तीय दायित्व तथा दिगो व्यवस्थापनसमेतको विश्लेषणसहित प्रतिवेदन तयार गरी निर्णयका लागि पन्ध्र (१५) दिनभित्र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पेस गर्ने व्यवस्था मिलाउने।

निर्णय नं. ५

अर्थ मन्त्रालयद्वारा जारी बजेट कार्यान्वयन मार्गदर्शन को पूर्ण रूपमा पालना गर्ने। साथै बजेट कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा अर्थ मन्त्रालयसँग समन्वय गरेर मात्र निर्णयमा पुग्ने।

निर्णय नं. ६

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निर्णयका लागि पेस गरिने प्रस्तावहरू सम्बन्धित मन्त्रालय तथा निकायले आवश्यक कानुनी आधार, नीतिगत औचित्य, तथ्यगत विश्लेषण तथा स्पष्ट आधार र कारण उल्लेख गरी पेस गर्ने।

निर्णय नं. ७

प्रचलित कानुनबमोजिम सचिव वा सम्बन्धित पदाधिकारीको अधिकार क्षेत्रभित्र पर्ने प्रशासनिक निर्णय सोही अधिकारप्राप्त अधिकारीबाट गर्ने। निर्णय गर्ने अधिकार अनावश्यक रूपमा माथिल्लो तहमा स्थानान्तरण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै प्रत्येक पदाधिकारीले आफ्नो अधिकार, कर्तव्य तथा जबाफदेहिता बहन गर्ने वातावरण मिलाउने।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम धनुषा नेपाल

प्रमुख सचिव

निर्णय नं. ८

सूचनाको हकसम्बन्धी ऐन तथा प्रचलित कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा एकरूपता कायम गर्न आवश्यक स्पष्टता, अभिमुखीकरण र समन्वयका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सूचना अधिकारीहरूको बैठक आगामी हप्ता आयोजना गर्ने।

निर्णय नं. ९

निकायगत समन्वय र सहकार्यका लागि प्रत्येक महिनाको पहिलो हप्ता सचिव बैठक बस्ने।

निर्णय नं. १०

सबै मन्त्रालय तथा निकायका कार्यस्थलमा प्रचलित कानुन, निजामती सेवाका आचरणसम्बन्धी व्यवस्था तथा संस्थागत अनुशासनको पूर्ण पालना तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

निर्णय नं. ११

सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष संलग्न कर्मचारीहरूले सेवाग्राहीप्रति शिष्ट, नम्र, मर्यादित, निष्पक्ष तथा व्यावसायिक व्यवहार अवलम्बन गरी नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने।

निर्णय नं १२

कार्यस्थलमा हुने लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार, लैङ्गिक विभेद लगायतका घटनाको रोकथाम र नियन्त्रणका लागि प्रत्येक मन्त्रालय तथा निकायका प्रशासनिक प्रमुखले विशेष निगरानी गर्ने। साथै, कार्यस्थलमा सुरक्षित, सम्मानजनक, समावेशी, भेदभावरहित कार्य वातावरण बनाउन गुनासो सुनुवाइ संयन्त्रको विकास र सम्बोधन गर्ने।

निर्णय नं. १३

बजेट वक्तव्यको बुँदा नं १११ मा उल्लेख भए अनुसार कर्मचारीले प्राप्त गर्ने प्रोत्साहन भत्ता कार्यसम्पादनमा आधारित भएकोले सबैले आ-आफ्नो निकायका लागि १५ दिन भित्र कार्यसम्पादन परिसूचक तयार गर्ने।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम धनुषा नेपाल

प्रमुख सचिव

निर्णय नं. १४

सबै मन्त्रालय र निकायमा २ महिना भित्र विद्युतीय हाजिरी अनिवार्य गर्ने।

निर्णय नं. १५

सचिव बैठकको निर्णयको कार्यान्वयनको पूर्ण जिम्मेवारी सम्बन्धित मन्त्रालय तथा निकायका सचिवमा रहनेछ। कार्यान्वयनको प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियमित रूपमा अनुगमन तथा समीक्षा गर्नेछ।

निर्णय नं. १६

अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार लगायतका निकायमा परेका उजुरी तथा गुनासो समयमै फछ्र्यौट गरि सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत गर्न व्यवस्था मिलाउने।

प्रमुख सचिव